आज मिति २०७५ साल असार ३२ गते सोमबारका दिन व्यास नगरपालिका नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति एवं निर्णयहरु निम्नानुसार रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकण्ठ न्यौपाने | उपस्थित |
| उप प्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं १ | श्री खरसिं दरै | **अनुपस्थित** |
| वडाध्यक्ष वडा नं २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ५ | श्री मोहनकुमार श्रेष्ठ | **अनुपस्थित** |
| वडाध्यक्ष वडा नं ६ | श्री सूर्यभक्त भण्डारी | **अनुपस्थित** |
| वडाध्यक्ष वडा नं ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं १२ | श्री तोत्रबहादुर कुवर | उपस्थित |
| वडाध्यक्ष वडा नं १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| **कार्यकारीणी सदस्यहरु** | | |
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री सुनसरी गुरुङ्ग | उपस्थित |
| | श्री नरीमाया राना | **अनुपस्थित** |
| सदस्य सचिव | श्री हरिप्रसाद वाँस्तोला | उपस्थित |

**निर्णय नं.१:** व्यास नगरपालिका कार्यालयमा कार्यरत प्राविधिक कर्मचारी, साझेदारी विकास कोष तर्फको कर्मचारी, ड्राइभर, कार्यालय सहायक, नगर प्रहरी, कार्यालय सहयोगी र कुचीकार पदको करार सेवामा रहेका कर्मचारीहरुको मिति २०७५/०४/०१ देखि २०७५ पौष मसान्तसम्म ६ महिना करार सेवा थप गरी कार्यालयको काममा लगाउने निर्णय गरियो ।

**निर्णय नं.२:** व्यास नगरपालिकाका १४ वटै वडाहरुमा कार्यरत सामाजिक परिचालक २० जनाको २०७५ आषाढ मसान्त पछि नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट करार अवधि थप नहुने जानकारी प्राप्त भएको र वडा कार्यालयको दैनिक कार्य बोझलाई ध्यान दिदां सामाजिक परिचालक बिना वडा कार्यालय संचालन गर्न कठिनाई हून जाने र सेवा प्रवाहमा समेत अवरोध हून सक्ने अवस्थालाई विचार गर्दा वडा कार्यालयको दरबन्दीमा कार्यालय सहायकको व्यवस्था गरिएको तर पदपूर्ति हुन नसकेकोले कार्यालय सहायकको कामकाज गर्ने गरी सामाजिक परिचालकहरु २० जनाको मिति २०७५ श्रावण १ गतेदेखि २०७५ पौष मसान्तसम्म

करार सेवामा लिने र निजहरुको मासिक पारिश्रमिक रु.१५,०००। (पन्ध्र हजार) दिने निर्णय गरियो ।

**<u>निर्णय नं.३:</u>** व्यास नगरपालिका वडा नं ७ बोटेटार बस्ने सिमान्तकृत बोटे जातीहरुलाई जनता आवाश कार्यक्रम अनुसार २ कोठे भवन र शौचालय बनाउनका लागि दोस्रो किस्ता अनुदान प्राप्त भई घर निर्माण र सामान ढुवानी लगायतका कार्यहरुका लागि निम्न तपशिल बमोजिमका व्यक्तिहरुलाई निम्नानुसारको आर्थिक सहयोग दिने निर्णय गरियो ।

तपसिल

| सि.नं | नामथर | रकम | कैफियत |
|---|---|---|---|
| १ | विष्णुमाया बोटे | ३३९०। | |
| २ | पुर्निमाया बोटे | २७१२। | |
| ३ | प्रकाश बोटे | ३३९०। | |
| ४ | दिपक बोटे | ३३९०। | |
| ५ | ज्योति बोटे | २०३४। | |
| ६ | मनमाया बोटे | २७१२। | |
| ७ | आशमाया बोटे | ३३९०। | |
| ८ | आशबहादुर बोटे | ३३९०। | |
| ९ | सम्सेर बोटे | २०३४। | |
| १० | डिलबहादुर बोटे | ३३९०। | |
| ११ | जंगबहादुर बोटे | २७१२। | |
| १२ | सोमबहादुर बोटे | ३३९०। | |
| १३ | आइतबहादुर बोटे | २०३४। | |
| १४ | सन्तबहादुर बोटे | ३३९०। | |
| १५ | विष्णुबहादुर बोटे | २७१२। | |
| १६ | समने बोटे | २७१२। | |
| १७ | धनबहादुर बोटे | १३५६। | |
| १८ | मंगवहादुर वोटे | २०३४। | |
| १९ | बिलवहादुर बोटे | २०३४। | |
| २० | मनवहादुर बोटे | २७१२। | |
| | **जम्मा** | **५४९१८।** | |

**<u>निर्णय नं.४:</u>** व्यास नगरपालिका कार्यालयको बहुउद्देश्यीय भवन निर्माण योजनाको लागि न.पा. कार्यालय र ठेकेदार पक्ष बीच भएको सम्झौता र थप गरिएको म्याद बमोजिम मिति २०७५।३।२२ गतेसम्म अन्तिम म्याद रहेकोमा सिनर्जी बिल्डर्स प्रा.लि.बाट मिति २०७५।३।२१ गते निर्माण कार्य सम्पन्न भएको हुँदा अन्तिम किस्ता भुक्तानी पाउँ भनी मूल्यांकन पेश गरेकोमा परामर्श दाता संस्था श्री अरनीको डिजाइर्नस र न.पा. प्राविधिकबाट स्थलगत रुपमा निरीक्षण र चेकजाँच गरी पेश भएपछि प्राविधिक प्रतिवेदनका आधारमा मात्र अन्तिम किस्ता निकाशाको लागि नगर विकास कोषसँग माग गर्ने र निकाशा प्राप्त भएपछि मात्र अन्तिम बिल भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.५:** व्यास नगरपालिकाद्धारा ठेक्का लगाइएका निम्न योजनाहरुको म्याद थपका लागि निवेदन प्राप्त हुन आएकाले निम्नानुसार म्याद समाप्त भएका मितिदेखि म्याद थप गर्ने निर्णय गरियो ।

| **योजनाको नाम** | **म्याद थप भएको अवधि** |
|---|---|
| १. एकीकृत शहरी विकास गुरुयोजना निर्माण | ३ महिना |
| २. घर नम्बर पाता र सडक नाम पाता जडान | ३ महिना |
| ३. वडा नं १० वडा कार्यालय भवन निर्माण | ३ महिना |
| ४. वडा नं ४ वडा कार्यालय भवन निर्माण | ३ महिना |
| ५. लागत सहभागितामा शिशाघाट क्षेत्रमा नाला र पिच निर्माण | ३ महिना |

**निर्णय नं.६:** व्यास न.पा.मा निर्माणधीन बहुद्देश्यीय भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेकाले त्यसमा रहेको पार्कीङ्ग, सटर र बैकिङ्ग क्षेत्रलाई छुट्याइएको स्थानहरुको ३० दिने सूचना प्रकाशन गरी न्यूनतम प्रस्तावित भाडामा नघट्ने गरि लगाउने प्रक्रियालाई अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.७:** व्यास न.पा.को पुरानो भवनमा रहेको सटरहरुको भाडा दर पुनरावलोकन गरी ५ दिन भित्र पेश गर्न निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

१. इन्जिनियर श्री मनोज कैनी
२. वित्त सहायक श्री हेमन्त गुरुङ्ग
३. ना.सु. श्री कृष्ण प्रसाद पौडेल

**निर्णय नं.८:** व्यास न.पा.को पुरानो भवनको दोस्रो तलामा रहेको व्यक्ति वा संस्थाहरुले भाडामा लिई प्रयोग गरेका कोठाहरुको हकमा ओम डेभलपमेन्ट बैकको म्याद १ वर्ष बाँकी रहेको, अन्य कोठाहरुको करार म्याद समाप्त भै सकेकाले कार्यालय संचालन गर्न स्थान अभाव भएका कारणले खाली गराई कार्यालय संचालनको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.९:** व्यास नगरपालिका भूमि व्यवस्थापन तथा घर नक्शा शाखाद्धारा आ.व. २०७५/०७६ मा कार्यान्वयन गर्ने सम्बन्धमा प्राप्त निम्न प्रस्तावहरुलाई स्वीकृत गर्ने निर्णय गरियो ।

(क) घर कायम गर्न १ वर्षको समय दिइएकोमा उक्त समयावधि यही २०७५ आषाढ मसान्तमा समाप्त भएकाले सो अवधिलाई आ.व.२०७५/०७६ मा समेत निरन्तरता दिने र घर कायम गरे वापत लिने राजश्व रु.१०००। बाट बढाएर रु.१५००। लिने ।
(ख) सरसफाई शुल्क वापत व्यास न.पा.का १४ वटै वडामा रु.१०००। का दरले लिने ।
(ग) महिलाका नाउँमा घर नक्शा पास गर्न आएमा प्रोत्साहन स्वरुप लाग्ने राजश्वमा ५% प्रतिशत छुट दिने ।
(घ) घर नक्शा शाखामा नक्शा पास र अद्यावधिक गर्ने प्रकृयालाई Digital System मा लैजाने ।
(ङ) घर नक्शा पासको पुस्तिका व्यक्तिलाई दिने प्रति र कार्यालयमा रहने प्रति गरी २ प्रति कार्यान्वयनमा लैजाने ।
(च) ठूला स्टक्चरका भवनहरुको नक्शा स्वीकृत गर्दा सम्बन्धित नक्शा पेश गर्ने व्यक्ति वा कम्पनीले हायर गरेको कन्सल्टेण्टबाट रिभ्यू गराउने र सोको शुल्क सम्बन्धित कम्पनी वा व्यक्तिबाट लिने

**निर्णय नं.१०:** व्यास न.पा.को एकीकृत शहरी विकास गुरुयोजना (IUDP) निर्माण भइरहेको, तयार गर्ने क्रममा घर नक्शा मापदण्ड सम्बन्धमा भूमि व्यवस्थापन समितिले सहजीकरण गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ११:</u>** व्यास न.पा. भवनको पुराना सटरहरुको भाडादर व्यास न.पा.ले तोक्ने तोकिएको भाडा तिरेर बस्न साविक सटरवालाहरुले मञ्जुर गरेमा प्राथमिकता दिने मञ्जुर नभएमा सूचना प्रकाशित गरी सटरहरु भाडामा लगाउने निर्णय गरियो ।

**<u>निर्णय नं.१२:</u>** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (विकास सहायता समन्वय शाखा) को च.नं २८० मिति २०७५।३।३१ को पत्रद्वारा संयुक्त राज अमेरिकाको न्यूयोर्क राज्य अन्तर्गतको Rochester City सँग भगिनी सम्बन्ध स्थापना सम्बन्धमा प्राप्त पत्र वोर्ड बैठकमा जानकारी भयो, सो सम्बन्धमा Rochester City संग भगिनी सम्बन्ध स्थापना गर्न पत्राचार गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१३:</u>** साविक जि.वि.स. हाल जिल्ला समन्वय समिति समेतको जग्गामा रसिद लिई घर निर्माण गरेको र घर निर्माण गर्न चाहनेहरुको लागि १५ दिनको समय दिई सूचना प्रकाशित गरी निवेदन संकलन र दावी विरोध सम्बन्धी ३५ दिने म्याद दिई विवरण संकलन गरी बैठकमा पेश गर्ने निर्णय गरियो ।